Rupantaran : A Multidisciplinary Journal
Vol. VII : pp 137-144, February, 2023
ISSN (Print) : 2091-0061, ISSN (Electronic) : 2738-9960
https
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग

***रमेश प्रसाद लुइटेल***[1]
*Email: rluitel36@gmail.com*

## सार

*यस लेखको मुख्य उद्देश्य एस.इ.इ. परीक्षामा प्रयोग भइरहेको अक्षराङ्कन पद्धतिको वर्तमान अवस्था पत्ता लगाई, यसमा देखिएका अन्यौलताहरु हटाउने उपाएको खोजी गर्नु रहेको छ । खास गरी नेपालको शिक्षा प्रणालीको विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा लामो समयसम्म एउटै पद्धति लागु भइरहेको अवस्थामा शैक्षिक गुणस्तर कमजोर हुँदै गएको र अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रणालीमा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिको विषयमा धेरै सुधार भइसकेकाले नेपालमा पुरानै ढङ्गले विद्यार्थी मूल्याङ्कन हुँदा त्यस्तो सर्टिफिकेट अन्तराष्ट्रिय बजारमा विक्नलाई समस्या हुँदै गएकाले लामो समयसम्म चलेको अङ्कन पद्धतिमा सुधार गर्नुपरेको हो । यो लेख मूलत गुणात्मक ढाँचामा आधारित भई तयार पारिएको छ । अन्र्तवार्ता तथा अवलोकन का साथै द्वितिय स्रोतका आधारमानै प्रायजसो तथ्याङ्क संकलन गरिएको छ । यो अध्ययन नेपालको सन्दर्भमा एक नयाँ अभ्यास भएकाले यसमा धेरै भ्रम र अन्यौलता हरु छन । अध्ययनको सर्न्दभमा खासगरि अन्तराष्टिय अभ्यासलाई बुझ्न नसक्नु शिक्षक, विद्यार्थी, अभिभावक लाई प्रर्याप्त मात्रामा जानकारी नगराईनु यस सम्वन्धि उत्पन्न भ्रमलाई अन्त्य गर्न नसक्नुनै मूख्य कमजोरी पाईयो । खासगरि विद्यार्थीमा नपढी पनि पास होईन्छ भन्ने भावना वढ्दै गएको अवस्थालाई अन्त्यगर्न सो सम्बन्धमा पटक पटक विद्यार्थीलाई अभिमुखिकरण गराउनु पर्छ अभिभावकशिक्षाको व्यवस्था गर्नु पर्छ । शिक्षकलाई पर्याप्त मात्रामा तालिमको व्यवस्था मिलाउनु पर्छ । नीति निर्माताले सो सम्वन्धमा व्यापक अभ्यास गरेर मात्र कार्यक्रम लाई अगाडि वढाउनुपर्छ । एक पटक वनेको नीति छोटो छोटो समयमानै परिवर्तन गरिहाल्दा पनि धैरै भ्रम बढ्दै गएको भेटिएकाले कार्यक्रम लागु भएपछि त्यसका धेरै सकारात्मक र कमजोर पक्षको विश्लेषण गरि कमिक रुपमा त्यसमा सुधार गर्दै लानु पर्ने कुरा समग्र अधयन पश्चात थाहाँ लाग्यो ।*

***मुख्य शब्दावली :*** *अक्षराङ्कन, अवर्गीकृत, अभिमुखिकरण, ग्राह्य, स्तरीकृत अंक,समय घण्टा*

## परिचय

नेपालमा औपचारिक शिक्षा पद्धतिको सुरुवात वि.स. १९१० देखि भएको पाइन्छ। त्यो समयमा राणा प्रधानमन्त्री जंगबहादुरले आफ्ना बालबच्चालाई पढाउन भनी बेलायतबाट दुई जना अंग्रेजहरु (Mr. Canning र Mr. Rose) लाई ल्याई आफ्नै दरबारमा पठन-पाठन गराउन सुरु गराएको कुरा नेपालको शैक्षिक इतिहासको अध्ययन गर्दा प्रष्ट हुन्छ ( शर्मा २०७३) । यद्यपी विद्यालयको स्थापना भई पठन-पाठनको सुरुवात भए पनि विद्यार्थी मूल्याङ्कन परीक्षा प्रणाली अङ्कन कसरी गरिन्थ्यो भन्ने विषयमा चाहि कतै प्रष्ट उल्लेख भएको भेटिदैन । १९१० देखि १९१५, १९३३ सालको धीरशमसेरले स्थापना गरेको संस्कृत विद्यालय शिक्षा १९४२ मा विर शमसेर स्थापना गरेको रानी पोखरी पाठ्शाला, १९५७ मा देव शमसेरले स्थापना गरेको भाषा पाठ्शाला तथा त्यो भन्दा पछि स्थापना भएका विद्यालयमा पनि के के विषय पढाइ हुन्थ्यो ? कसरी पढाई हुन्थ्यो ? परीक्षा प्रणाली के कस्तो थियो ? विद्यार्थीको मूल्याङ्कन र अङ्कन के कसरी गरिन्थ्यो भन्ने विषयमा पनि कुनै प्रष्ट र आधिकारीक अभिलेख भेटिदैन (अधिकारी, २०७२) ।

वि.सं. १९९० मा नेपालमा एल.एल.सी बोर्ड को स्थापना भयो । यसपछि माध्यमिक तह सम्मको पठन-पाठन नेपालमा नै भई परीक्षा समेत हुन थाले पनि तहगत रुपमा के के विषयको पढाई हुन्थ्यो र त्यसको परीक्षा प्रणाली,

---

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा शिक्षा योजना तथा व्यवस्थापन विषयको उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

मूल्याङ्कन गर्दा त्यसको अङ्कन प्रणाली कस्तो हुन्थ्यो र विद्यार्थीको स्तर निर्धारण पनि कसरी हुन्थ्यो भन्ने विषयमा पनि कुनै आधिकारीक तथ्य र प्रमाण भने भेटिदैन ।

नेपालमा प्रजातन्त्र प्राप्ति पश्चात् वि.सं. २०११ सालको नेपालको राष्ट्रिय शिक्षा योजना आयोगले विद्यालयमा पठन-पाठन हुने विभिन्न विषयहरु सिफारिस गऱ्यो ( सिंह ,२०६६) । जसमा प्राथमिक तहमा सामाजिक शिक्षा, विज्ञान, भाषा, अङ्कगणित, खाद्य विज्ञान गृह निर्माण कला, वस्त्र निर्माण कला, सौन्दर्य विज्ञान, शारीरिक शिक्षा, नैतिक र आध्यामिक जस्ता विषय समावेश गरे पनि ती विषयहरु कसरी पठन-पाठन हुन्थ्यो ? परीक्षा प्रणाली कस्तो थियो ? परीक्षा लिए पश्चात विद्यार्थीको मूल्याङ्कन गरी कसरी अङ्कन गरिन्थ्यो भन्ने विषयमा पनि कुनै आधिकारीक तथ्य र प्रमाण भेटिदैन ।

नेपालको शैक्षिक इतिहासमा सर्वप्रथम राष्ट्रिय शिक्षा पद्धति योजनामा मात्र प्रष्ट रुपमा विद्यालयको शिक्षा प्रणालीमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको संरचना निर्धारण गरी त्यसमा पठन-पाठन हुने विषयहरु त्यसको पूर्णाङ्क, परीक्षा प्रणाली र मूल्याङ्कन पद्धतिलाई प्रष्ट रुपमा निर्धारण गऱ्यो जसअनुसार प्रा.वि. देखि मा.वि. सम्म पठन-पाठन हुने सबै विषयहरु निर्धारण गरी त्यसको पूर्णाङ्क, उत्तीर्णाङ्क परीक्षा प्रणाली, मूल्याङ्कन विधिहरु प्रष्ट रुपमा निर्धारण गऱ्यो । यसमा माध्यमिक तहमा पठन-पाठन हुने विषय तिनको पूर्णाङ्क र उत्तीर्णाङ्कको समेत व्यवस्था गऱ्यो जस अनुसार माध्यमिक तहमा पठन-पाठन हुने विषय र तिनको पूर्णाङ्क समेत प्रष्ट रुपमा निर्धारण गर्यो जो निम्नानुसार छ ।

| **क्र.सं.** | **विषय** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** |
|---|---|---|---|
| १. | नेपाली भाषा | १०० | ३२ |
| २. | अंग्रेजी भाषा | १०० | ३२ |
| ३. | गणित | १०० | ३२ |
| ४. | भूगोल र इतिहास | १०० | ३२ |
| ५. | व्यवहारिक र स्वास्थ्य शिक्षा | ५० | १६ |
| ६. | पञ्चायत | ५० | १६ |
| ७. | विज्ञान | १०० | ३२ |
| ८. | व्यवसायिक शिक्षा | १०० | ३२ |
| ९. | इच्छाधिन विषय | १०० | ३२ |

पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण विकास केन्द्र (२०२८)

विद्यालय तहका यस्ता विषयहरुमा वार्षिक प्रणाली अनुरुप परीक्षा लिइन्थ्यो जसमध्ये परीक्षा १०० पूर्णाङ्क भएका विषयमा ३२ अंक ल्याउँदा उत्तीर्ण हुने प्रावधान थियो । जसमा ६०% भन्दा बढी अंक ल्याए प्रथम श्रेणी ४५%-६०% भन्दा कम ल्याउँदा द्वितीय श्रेणी र ३२% भन्दा बढी र ४५% कम ल्याउँदा तृतीय श्रेणी भनी श्रेणीका आधारमा विद्यार्थी मूल्याङ्कन हुन्थ्यो(पौडेल, २०५६ )।

प्रजातन्त्रको प्राप्ति पश्चात् शिक्षा व्यवस्थामा परिवर्तन गर्न वि.सं. २०४९ मा राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । यसले विद्यालय शिक्षाको संरचनामा परिवर्तन गरी पठन-पाठन हुने विषयमा पनि केही परिवर्तन गऱ्यो भने त्यसको केही समयपछि परीक्षा प्रणालीमा पनि फेरबदल गरी निम्नानुसारको व्यवस्था गऱ्यो ।

| क.सं. | परीक्षा प्रणाली | पूर्णाङ्क |
|---|---|---|
| १. | प्रथम त्रैमासिक | १० |
| २. | दोस्रो त्रैमासिक | ३० |
| ३. | वार्षिक परीक्षा | ६० |
| जम्मा | | १०० |

रा.शि.आ. २०४९

यद्यपी यस्तो परीक्षा प्रणालीमा पनि प्रथम त्रैमासिक परीक्षा, दोस्रो र वार्षिक परीक्षा प्रणालीमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई जोडी मूल्याङ्कन पद्धति चाहि विशिष्ट श्रेणी ८०% भन्दा माथि, प्रथम श्रेणी ६०% भन्दा बढी, द्वितीय श्रेणी ४५% भन्दा बढी ६० भन्दा कम र तृतीय श्रेणीमा उत्तीर्णाङ्क वा ३२% भन्दा माथि ४५% भन्दा कमलाई मानी विद्यार्थी मूल्याङ्कन गरिन्थ्यो । वर्तमान समयमा विद्यालयको विद्यार्थी मूल्याङ्कन र अङ्कन पद्धतिमा विगतको भन्दा परिवर्तन गरिएको छ ।

विद्यालय शिक्षामा वि.सं. २०७२ देखि नयाँ प्रणालीको मुल्याङ्कन पद्धतिको विकास गरिएको छ। अब विद्यार्थीको मूल्याङ्कन गरी त्यसबाट प्राप्त नतिजालाई अक्षरद्वारा सम्बोधन गर्ने प्रावधानको विकास गरिएको छ ( शिक्षा कक्षा १० )।यसमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई निश्चित रेञ्ज वा वर्गान्तरमा पर्ने विद्यार्थी बिचमा सापेक्षता कायम गर्ने गरिन्छ। त्यसैले वर्तमान समयमा श्रेणीगत रुपमा नभई विद्यार्थीको योग्यता, क्षमता, सीप र दक्षता अङ्कमा मापन गर्न कठिन हुने हुँदा र फरक-फरक परीक्षकको फरक-फरक मूल्याङ्कन हुने हुँदा यसलाई घटाउँदै लाने र विद्यार्थीको न्यायोचित मूल्याङ्कन गर्न, ल्याएको प्रावधान अक्षराङ्क पद्धतिको मूल्याङ्कनको व्यवस्था गरिएको छ । यसमा हरेक ग्रेडको लागि सर्वोत्कृष्ट जस्ता पदावलीको प्रयोग गरी त्यसको व्याख्या पनि गरिन्छ र यसमा हरेक विषयको ग्रेडलाई पाठ्य घण्टा र स्तरीकृत अङ्कका आधारमा औषत श्रेणी निर्धारण गरिन्छ। यसर्थ अक्षराङ्कनलाई वस्तुगत, भरपर्दो र विश्सनीय मूल्याङ्कन प्रणाली मानिन्छ। यसरी नै विद्यालयको मूल्याङ्कन गर्ने प्रणालीलाई अक्षराङ्कन विद्यार्थी मूल्याङ्कन प्रणाली भनिन्छ (परीक्षा नियन्त्रण कार्यालय, २०७२) ।

यस्तो प्रकारको मूल्याङ्कनको प्रयोग गर्ने व्यक्ति अमेरीकी मनोवैज्ञानिक प्रोफेसर डब्लु डुर्म हुन्। उनले सर्वप्रथम यो शब्दको प्रयोग एभेन्स स्टेट युनिभर्सिटिमा गरेका थिए । पछि सन् १७८० देखि युनिभर्सिटिमा ४.० पद्धतिको लेटर ग्रेडिङको प्रयोग हुँदै सन् १८९७ मा हलचोक कलेजमा लेटर ग्रेडिङको वास्तविक रुपमा प्रयोग भएको पाइन्छ (आचार्य, २०७८ )। पछि आएर विशेषतः अष्ट्रेलिया, फ्रान्स, इरान, वेल्जियम, भारत आदि देशहरुमा यस्तो प्रणालीको प्रयोग हुँदै आएको पाइन्छ । यस अवधारणाका आधारमा लेटर ग्रेडिङ प्रणालीको प्रयोग विभिन्न देशहरुमा भएको सन्दर्भमा वि.सं. २०७१ सालमा प्राविधिक धार तर्फको एस.एल.सी. परीक्षामा नेपालमा पनि परीक्षणका रुपमा ९९ वटा विद्यालमया लागू गरिएको र साधारण तर्फ वि.सं. २०७२ सालको एस.इ.इ. परीक्षादेखि पूर्ण रुपमा लागू हुने गरी विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७१/०८/२३ मा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत भई लागू भइसकेको छ (घिमिरे, २०७६) ।

अक्षरहरुले निश्चित संख्याको अन्तरलाई जनाउँछन् र विद्यार्थीहरुको स्तरीकरण गर्दछन्। इतिहास हेर्ने हो भने पनि यसको प्रयोग अमेरिकाबाट सुरु भएको देखिन्छ। हाम्रो प्राथमिक तहको पाठ्यक्रम २०६२ ले कक्षा १ देखि ३ सम्म शतप्रतिशत तथा कक्षा ४ र ५ मा ५० प्रतिशत अङ्कको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरी क, ख र ग श्रेणीमा विभाजन गरेकोलाई आधार मान्ने हो भने यसबाटै नेपालमा अक्षराङ्कन पद्धति सुरुवात भइसकेको मान्न सकिन्छ । त्यसैले आधारभूत तहको पाठ्यक्रमले कक्षा ६ र ७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अन्तर्गत ४० प्रतिशत अङ्क अक्षराङ्कन पद्धतिका लागि छुट्याई कार्यान्वयनमा ल्याएको अवस्था छ । यद्यपी निरन्तर मूल्याङ्कन पद्धतिलाई पाठ्यक्रमले अपेक्षा गरे अनुसार प्रयोगमा ल्याउन भने सकिएको छैन (परीक्षा नियन्त्रण कार्यालय, २०७२) ।

## उद्देश्य

यस लेखको निम्नलिखित उद्देश्यहरु छन् :

१. एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोगको वर्तमान अवस्था पत्ता लगाउनु,

२. एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोगको अवस्थाको विश्लेषण गर्नु,

३. एस.इ.इ. अक्षराङ्कन पद्धतिलाई अझ प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

**विषय वस्तुको सान्दर्भिकता र औचित्य**

नेपालमा विद्यालय शिक्षाको सुरुवात भएदेखि नै लगातार एकै प्रकारको शिक्षण विधि र पद्धति प्रयोग भइरहेकोले विद्यार्थी मूल्याङ्कन पनि लामो समयसम्म एकै प्रकारबाट चलिरहेको छ । ज्ञानको विस्फोटन भइरहेको तथा सूचना र सञ्चार क्षेत्रमा भएको परिवर्तन, विज्ञान र प्रविधिको क्षेत्रमा भएको परिवर्तनले गर्दा शिक्षा प्रणाली पाठ्यक्रम, पाठ्यवस्तु र शिक्षण विधिमा पनि परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भयो, जसले गर्दा परम्परागत रुपमा चल्दै आएको परीक्षा प्रणाली, मूल्याङ्कन पद्धति र परीक्षाबाट प्राप्त अंकलाई पनि समय सापेक्ष फरक ढङ्गले मापन गरी विद्यार्थी मूल्याङ्कनमा बढी विश्वसनियता कायम गर्नुपर्ने र विद्यार्थीले प्राप्त गरेको अंकको ठूलो फरकपनलाई एउटै हिसाबले व्याख्या गर्रिदै आएकोले दक्षता, सिकाइ सक्षमतालाई बढी विश्वसनीय बनाउदै जानुपर्ने भएकाले यो लेखले उक्त कुराको मापन गर्न केही सहयोग पुऱ्याउने अपेक्षा राखिएकाले यसलाई बढी सान्दर्भिक ठानिएको छ ।

**विधि तथा सामग्री**

यो लेख तयार पार्ने सन्दर्भमा प्रायजसो द्वितीय सूचनाका स्रोतलाई आधार मानिएको छ । जस अर्न्तगर्त नेपालमा औपचारिक शिक्षाको सुरुवात, पठन-पाठन पद्धति, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया, अङ्कन पद्धतिको विषयमा जानकारी लिनको लागि नेपालको शैक्षिक इतिहासको अध्ययन गरिएको छ । यसका साथै विद्यालय शिक्षामा विद्यार्थी मूल्याङ्कनको विषयमा जानकारी लिन विभिन्न शिक्षा विद्हरुले तयार पारेको लेख र कार्यपत्रको अध्ययन गरिएको छ । विद्यार्थी मूल्याङ्कन पद्धतिको विषयमा भारतको शिक्षा प्रणालीको अध्ययन गरिएको छ भने केही मात्रमा प्राथमिक सूचना संकलन गर्न विद्यालय तहमा यसको प्रयोगको अवस्थाको जानकारी लिन ३

विद्यार्थी मूल्याङ्कनमा अक्षराङ्कन पद्धतिको प्रयोगका सम्बन्धमा व्यापक जानकारी लिइ यसको प्रयोगको वर्तमान अवस्था, शिक्षा ऐन नियममा भएको व्यवस्था, यसको प्रभावकारीता, यसमा देखिएका भ्रमहरु र यसका गर्नुपर्ने सुधारका विषयमा मुख्यतः केन्द्रित भई विषयवस्तु प्रस्तुत गरिएको छ भने भविष्यमा यस्तो पद्धतिले शिक्षा प्रणालीमा पार्ने प्रभाव र विद्यार्थी मूल्याङ्कन तथा अङ्कनको विषयमा के कस्तो प्रभाव रहन्छ भन्ने विषयमा ब्यापक रुपमा जानकारी लिन विद्यालय संचालनको मुख्य ब्यक्ति प्र.अ. सँगनै अक्षराङ्क पद्दति कार्यन्वयनको वर्तमान अवस्था विद्यार्थी को बुझाई, अभिभावकको दृष्टिकोण, शिक्षक लाई थाहा भएका कुराका विषयमा अर्न्तवार्ता र छलफल गरियो प्र.अ. ले पनि यो नेपालकै सर्न्दभमा  नयाँ अभ्यास भएकाले सुरुमा आफुनै अन्यौलमा परेको शिक्षकलाई पनि यसको बस्तुगत जानकारी नभएकाले ग्रेडकसरी निकाल्ने परीक्षाफलको विश्लेषण कसरी गर्ने भन्ने जस्ता विषयमा थप अन्यौल भएको वताउनु भयो अझ विद्यार्थीमात नपढीनै पास होईन्छ भन्ने अवधारणाले गर्दा यसलाई कार्यन्वयन गर्न कठिन भृएको वुझाउन समस्या परेको कुरा जानकारी गराउनू भयो ।

**परिणाण र छलफल**

**अक्षराङ्कन पद्धतिको अवधारणा**

विश्वमा अक्षर र अंक दुबैमा ग्रेडिङ गर्ने प्रणाली चलन चल्तिमा छ । केही समय भन्दा अघिसम्म अंकमा मात्र ग्रेडिङ गर्ने प्रणाली चलन चल्तिमा थियो भने हाल आएर अक्षरमा ग्रेडिङ गर्ने प्रणाली दिन प्रतिदिन बढ्दो छ । अक्षर बाहेकको ग्रेडिङ प्रणालीको सुरुवात सन् १७८५ मा एल विश्व विद्यालयका प्राध्यापक प्रेसिडेन्ट एजा स्टाइल्सले गरेका हुन् । उनले आफूले मूल्याङ्कन गरेका ५८ जना विद्यार्थीमध्ये २० जनालाई अति उत्कृष्ट, १६ जनालाई उत्कृष्ट, १२ जनालाई कमजोर र बाँकी १० जनालाई असफल भनी परीक्षाको मूल्याङ्कन गरेका थिए (आचार्य २०७८) । तत्पश्चात सन् १८१७ मा विलियम एनड मेरी कलेजले विद्यार्थीलाई ४ श्रेणीमा विभाजन गरी परीक्षाको परिणाम निकाल्ने कार्यको सुरुवात गऱ्यो, जुन आजको अक्षर ग्रेडिङ प्रणालीको लागि आधार बन्यो । आज आएर अक्सफोर्ड क्याम्ब्रिज, हार्बड लगायतका विश्व प्रसिद्ध अमेरिकन, युरोपियन र एसियन विश्वविद्यालयहरुमा यही मूल्याङ्कन प्रणालीलाई नै अनुसरण गर्न खोजिएको छ । तर पनि तिनमा एकरुपता भने पाइदैन (सिलवाल, २०७४) ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट मिति २०७१/०३/३० मा एस.एल.सी. परीक्षामा लेटर ग्रेडिङ प्रणाली कार्यान्वयन गर्ने सैद्धान्तिक निर्णय भएको थियो । सोही परिषद्ले २०७१ मंसिर २४ गते माध्यमिक शिक्षा

उत्तीर्ण परीक्षामा रहेको अङ्कन पद्धतिलाई परिवर्तन गरी प्राविधिक शिक्षाका ९९ विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि २०७१ देखि लेटर ग्रेडिङ प्रणाली लागू गऱ्यो (शिक्ष मन्त्रालय २०७०)। साधारण धारतर्फ सबै माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७२ देखि एस.इ.इ. परीक्षामा लेटर ग्रेडिङ पद्धति लागू गर्ने निर्णय गऱ्यो । पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७२/०८/२३ को यो निर्णय अनुसार ९ वटा ग्रेड कायम गरिएको छ। जो निम्नानुसार छन् ।

| क्र.सं. | उपलब्धी प्रतिशत | स्तरीकृत अंक | अक्षरमा उपलब्धि | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० भन्दा माथि | ४ | A+ | सर्वोत्तम |
| २. | ८० भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम |
| ३. | ७० भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट |
| ४. | ६० भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम |
| ५. | ५० भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक |
| ६. | ४० भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य |
| ७. | ३० भन्दा माथि ४० भन्दा कम | १.६ | D+ | औषत |
| ८. | २० भन्दा माथि ३० भन्दा कम | १.२ | D | औषत भन्दा कम |
| ९. | १ भन्दा माथि २० भन्दा कम | ०.७ | E | अवर्गीकृत |

वर्तमान समयसम्म एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग केही समयसम्म नेपाल सरकार राष्ट्रिय परीक्षा बोर्ड, २०

**वर्तमान समयमा राष्ट्रिय परीक्षा बोर्डमा भएको व्यवस्था**

एस.इ.इ. परीक्षाको अक्षराङ्कन पद्धतिमा हाल आएर संशोधन गरिएको छ । वि.सं. २०७२ को अक्षराङ्कन पद्धति वा ग्रेडिङ प्रणाली केही समयसम्म चल्यो । तर त्यो समयमा पाठ्यक्रममा फेरबदल भएको थिएन । वि.सं. २०७६ मा कक्षा-१० को पाठ्यक्रम परिवर्तन भए पश्चात एस.इ.इ. परीक्षाको अक्षराङ्कन वा ग्रेडिङ प्रणालीमा परिवर्तन गरिएको छ जो यसप्रकार छ ।

| क्र.सं. | उपलब्धी प्रतिशत | स्तरीकृत अंक | अक्षरमा उपलब्धि | उपलब्धी स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० भन्दा माथि | ४.० | A+ | सर्वोत्तम |
| २. | ८० भन्दा माथि ९० भन्दा तल | ३.६ | A | अत्युत्तम |

| | | | | |
|---|---|---|---|---|
| ३. | ७० भन्दा माथि ८० भन्दा तल | ३.२ | B+ | उत्कृष्ट |
| ४. | ६० भन्दा माथि ७० भन्दा तल | २.८ | B | उत्तम |
| ५. | ५० भन्दा माथि ६० भन्दा तल | २.४ | C+ | सन्तोषजनक |
| ६. | ४० भन्दा माथि ५० भन्दा तल | २.४ | C | ग्राह्य |
| ७. | ३५ भन्दा माथि ४० भन्दा तल | १.६ | D | आधारभूत |
| ८. | ३५ भन्दा कम | - | - | अवर्गीकृत |

यसरी २०७२ सालमा सुरु गरिएको एस.इ.इ. परीक्षाको अक्षराङ्कन पद्धतिलाई केही परिमार्जन गरिएको छ  राष्ट्रिय परीक्षा बोर्ड (२०७९), लेटर ग्रेडिङ निर्देशिका पहिलो संशोधन ।

### एस.इ. इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रभावकारीता

अन्तर्राष्ट्रिय परिवेशको शिक्षा प्रणालीको अध्ययन गर्दा यसको शिक्षा प्रणालीमा राम्रो प्रभाव परेकाले अब विस्तारै उच्च शिक्षाका विभिन्न तहमा संकायमा पाठ्यक्रम परिमार्जन गर्दा पठन-पाठनको समयलाई समय घण्टा निर्धारण गरी अक्षराङ्कन पद्धतिको प्रयोग गर्न थालिएको छ । परम्परागत पाठ्यक्रम र परीक्षा प्रणाली पश्चात गरिने अङ्कन प्रणाली बिच ठूलो फरकपन भए पनि एउटै दर्जा तोक्ने प्रणालीको अन्त्य भई निश्चित फरकपनलाई मात्र एउटै दर्जामा राखिन्छ त्यसो नभए ऊ स्वभाविक रुपमा तल्लो स्तरमा पर्छ । जस्तै : परम्परागत मूल्याङ्कन प्रणालीमा ४५ प्रतिशत अंकदेखि ६०% भन्दा कम ल्याउँदा पनि द्वितीय श्रेणी नै निर्धारण गरिन्थ्यो । त्यसैले ४५ ल्याउँदा पनि द्वितीय नै हुने तथा ५९ ल्याउँदा पनि द्वितीय निर्धारण गर्ने हुँदा अंकको ठूलो फरकपनलाई कम गरी विद्यार्थीको क्षमताको आधारमा मूल्याङ्कन अक्षराङ्कनमा हुने भएकाले यसलाई पछिल्लो समयमा प्रभावकारी पद्धतिको रुपमा लिइएको छ ।

### एस.इ.इ. परीक्षाको अक्षराङ्न पद्धतिमा देखिएका भ्रम वा समस्याहरु

यो पद्धति प्रभावकारी नै भए पनि यसमा केही समस्याहरु छन् । प्रधानाध्यापक सँगको छलफललाई ध्यानमा राख्दा कतिपय विद्यार्थीहरुमा जति अंक ल्याए पनि उत्तीर्ण भइन्छ भन्ने गलत मानसिकताले गर्दा मेहनत गरी पढ्ने बानी कम हुँदै गएको जानकारी पाइयो । अभिभावकमा चाहि पुरानो पद्धतिमा आफ्नो बच्चा प्रथम श्रेणी, द्वितीय श्रेणी र तृतीय श्रेणीमा उत्तीर्ण भएको अवस्थामा खुशी हुने तर स्तरीकृत अंक, अक्षरमा उपलब्धि भन्ने जस्ता पक्षले गर्दा कुरा नबुझी अन्यौलमा अवस्था भएको जानकारी लिन सकिन्छ भने शिक्षकहरुलाई पनि यस्तो मूल्याङ्कन पद्धतिको विषयमा व्यापक जानकारी नहुँदा विद्यार्थीलाई प्रभावकारी ढङ्गले नपढाए पनि उत्तीर्ण भई माथिल्लो तहमा अध्ययन गर्न पाउँछन् भन्ने समस्या एकतिर भेटिन्छ भने अर्को  तिर यस्तो मूल्याङ्कन पद्धतिको विषयमा शिक्षकलाई पर्याप्त मात्रामा तालिम र अभिमुखिकरणको कमीले प्रभावकारी कार्यान्वयन गर्न स्तरीकृत अंक र अक्षरमा उपलब्धि निर्धारणमा कतै-कतै अन्योल पाइन्छ । पठन-पाठनमा पनि समय घण्टा निर्धारण गर्दा पनि समयमा कोर्ष नसकिने अवस्था भेटिन्छ भने छोटो समयमा नै यस्तो पद्धतिमा फेरबदल गरी हाल्नु पनि समस्या हो किनकि २०७१/०७२ सालमा लागु भएको करिब ६ वर्ष २०७८ मा नै यसमा संशोधन भइ हाल्यो ।

### एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिमा सुधार गर्नुपर्ने उपायहरु

यसमा देखिएका यस्ता प्रकारका भ्रमको अन्त्य गर्न निम्न उपाय अवलम्बन गरे यो अझ बढी प्रभावकारी बन्दै जान्छ ।

(क) विद्यार्थीलाई आफूले परीक्षामा जस्तो स्तरीकृत अंक र त्यसको अक्षरमा उपलब्धि ल्याए पनि माथिल्लो स्तरमा अध्ययन गर्न पाइन्छ भन्ने भ्रमको अन्त्य गरी बढी स्तरीकृत अंक, उपलब्धि प्रतिशत र अक्षरमा उपलब्धि पनि त्यसको स्तरमा अध्ययन गर्न पाए पनि उपलब्धि प्रतिशत जति बढी हुन्छ आफूले रोजेर सोही अनुसारका विषयहरु अध्ययन गर्न पाउने अवस्था रहन्छ भन्ने विषयमा प्रष्ट जानकारी गराउनुपर्छ ।

(ख) यस विषयमा शिक्षकहरुलाई पनि पर्याप्त मात्रामा तालिम अभिमुखीकरण उपलब्ध गराउनुपर्छ ।

(ग) अभिभावकमा देखिएको भ्रम अन्त्य गर्न पुरानो मूल्याङ्कन पद्धति र सुधारिएको मूल्याङ्कन पद्धतिको विषयमा जानकारी गराउनुपर्छ ।

(घ) सम्बन्धित विषयमा हरेक विषयको लागि छुट्याइएको पठन-पाठनको समयमा विषयवस्तु अध्यापन गरिसक्ने गरी समयको व्यवस्थापन गर्नुपर्छ ।

## निष्कर्ष

एस.इ.इ. परीक्षामा हाल लागु भइरहेको अक्षराङ्क पद्धति अन्तराष्ट्रिय परिवेशको शिक्षा प्रणाली अनुसार विद्यार्थीको हितमा नै छ किनकी अक्षराङ्कन पद्धति विनाको लब्धाङ्क-पत्र अन्तराष्ट्रिय बजारमा बिक्न पनि समस्या छ । त्यसैले यस्तो पद्धति अपनाउनु सान्दर्भिक हुन्छ भने उपलब्धि प्रतिशत र स्तरीकृत अंकका आधारमा मात्र आफूले रोजे अनुसारको विषय अध्ययन गर्न पाइने हुँदा प्रतिस्पर्धात्मक हिसाबले अध्ययन गर्ने बानीको विकास भएको छ । नीति निर्माता, योजनाकार र पाठ्यक्रम विद्लाई पनि समय-समयमा यसको लागु कसरी कसरी भइरहेको कुन-कुन विषयको उपलब्धि प्रतिशत राम्रो र कुनको कमजोर छ त्यसको अध्ययन गरी पुनरावलोकनको आधारमा पाठ्यक्रम र त्यसमा निहित विषयमा सुधार गर्नको लागि पृष्ठपोषण प्रदान गर्दछ भने शिक्षक, विद्यार्थी र अभिभावक समेतमा भएको भ्रमलाई यसले अन्त्य गरी गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्छ । अध्ययनको क्रममा सरोकार वाला पक्ष प्र.अ. शिक्षक, विद्यार्थी,सवै पक्षको राय बुझ्दा समेत प्रथम चरणमा जव यसको सुरुवात भयो त्यो समयमा यसमा धेरै भ्रम भएको अक्षराङ्कन पद्धतिका विभिन्न सूचकको निर्धारण गरि परीक्षफलको विश्लेषण गर्न कठिन भएको विद्यार्थीमा उत्पन्न भ्रमले अध्ययन गर्ने वानी हराउदै गएको र अभिभावकमा पनि विद्यार्थी लाई विद्यालय नपठाउदापनि उत्तिण भईहाल्छन भन्ने धारणा ले गर्दा शिक्षकौ गुणस्तर खस्केको अवस्था छ ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णु प्रसाद (२०७२), *नेपालको शैक्षिक प्रणाली,* आशिष बुक हाउस प्रा.लि. बागबजार ।

आचार्य,पदमराज र साथीहरु, ( २०७८), *माध्यमिक शिक्षक दिग्दर्शन,* पैरवी प्रकासन प्रा. लि. ।

घिमिरे, सुरोज (२०७६), *विद्यालय तहमा अक्षराङ्कन पद्धति* अप्रकाशित शोध ग्रन्थ ।

नेपाल सरकार राष्ट्रिय परीक्षा बोर्ड (२०७९), लेटर ग्रेडिङ निर्देशिका पहिलो संशोधन ।

नेपाल सरकार परीक्षा नियन्त्रण कार्यालय (२०७२), *अक्षराङ्क पद्धति परिचय पुस्तिका,* सानोठिमी ।

नेपाल सरकार परीक्षा नियन्त्रण कार्यालय (२०७२), *निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका,* सानोठिमी ।

नेपाल सरकार शिक्षा मन्त्रालय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, शिक्षा कक्षा दश ।

पौडेल, लेखनाथ (२०५६ ), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरिञ्जीवी र शर्मा निर्मला ( २०७३ ), *शिक्षाको दर्शनशास्त्रीय आधार,* एम. के पब्लिशर्स एण्ड डिष्ट्रब्युटर्श ।

शर्मा, एम.आर. (२०७३), *शिक्षक सेवा आयोग परीक्षा सारथी,* गुडवील प्रकाशन

श्री ५ को सरकार पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र, सानोठिमी २०२८ ।

सिंह, नागेश्वर (२०६६ ), *शिक्षाका आधारहरु,* पैरवी प्रकासन प्रा.लि. ।

सिलवाल, रमेश (२०७४), *अक्षर ग्रेडिङ प्रणाली, अवसर र चुनौति,* हिमाल खबर प्रकाशन ।